**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ११ जुलाई २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. आज विश्व जनसंख्या दिवस हो। हरेक वर्ष ११ जुलाईका दिन बढ्दो जनसंख्याका चुनौती र अवसरबारे ध्यान केन्द्रित गर्न यो दिवस मनाइन्छ।

२. पश्चिम बङ्गाल सरकारले सरकारी नियुक्तिको प्रक्रियामा नयाँ परीक्षार्थीको पुलिस प्रमाणीकरण र स्वास्थ्य परीक्षण ३० दिनभित्र सम्पन्न गर्न कडा निर्देशन दिएको छ।

३. भानु जयन्तीको अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, सूचना एवं सांस्कृतिक विभागद्वारा समाजका विशिष्ट व्यक्तिहरूलाई विभिन्न पुरस्कारले विभूषित गर्ने निधो गरेको छ।

४. स्पेशल टास्क फोर्स (एसटीएफ) ले 15,000 प्रतिबंधित कफ सिरपसहित दुई जनालाई पक्राउ गरेको छ।

र

५. गोर्खा दुख निवारक सम्मेलन दार्जीलिङले ६१ औ वार्षिक नेपाली संगीत प्रतियोगिता स्वरश्री आयोजना गर्ने भएको छ।

**जनसंख्या दिवस-नड्डा**

आज विश्व जनसंख्या दिवस हो। हरेक वर्ष ११ जुलाईका दिन बढ्दो जनसंख्याका चुनौती र अवसरबारे ध्यान केन्द्रित गर्न यो दिवस मनाइन्छ।पहिलो विश्व जनसंख्या दिवस ११ जुलाई १९९० का दिन विश्वका ९० भन्दा अधिक देशमा मनाइयो। त्यसपछि संयुक्त राष्ट्रसंघको महासभाले १९९० को डिसेम्बरमा एक प्रस्ताव पारित गर्दै विश्व जनसंख्या दिवसलाई निरन्तरता दिने निर्णय गरेको थियो। यसको उद्देश्य जनसंख्यासँग सम्बन्धित मुद्दाहरू तथा वातावरण र विकाससँग उनीहरूको सम्बन्धको बारेमा जागरूकता सिर्जना गर्नु हो। यस वर्षको नारा 'आमा र बच्चाको स्वास्थ्य र कल्याणका लागि गर्भावस्थाको स्वस्थ समय र अन्तराल' रहेको छ। यस विषयले मातृ तथा बाल स्वास्थ्यका लागि योजनाबद्ध अभिभावकत्वको महत्वलाई जोड दिन्छ।

**ममता बनर्जी**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले दिल्लीको वसन्त कुञ्जस्थित जय हिन्द कोलोनीमा बङ्गाली आप्रवासी कामदारहरूमाथि कथित उत्पीडन र जबर्जस्ती निष्कासनको घटनालाई भाजपाले देशभरका बङ्गालीहरूलाई निशाना बनाएको आरोप लगाउनु भएको छ।मुख्यमन्त्रीले हिजो सोशल मीडिया पोस्ट गर्दै, 'जय हिन्द कोलोनीबाट आएको समाचार निकै विचलित पार्ने खालको रहेको बताउदै यो कॉलोनी मुख्यतया बङ्गाली आप्रवासी कामदारहरूको हो, जसले दिल्लीको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको तर अहिले उनीहरूलाई हटाउन भाजपा शासित प्रशासनले पानी र बिजुलीजस्ता आधारभूत सुविधाहरू खोसेको गम्भीर आरोप लगाउनु भयो।

**सरकारी नियुक्ति प्रक्रिया**

पश्चिम बङ्गाल सरकारले सरकारी नियुक्तिको प्रक्रियालाई गति दिने दिशामा महत्वपूर्ण कदम चालेको छ। सरकारले ३० दिनभित्र नयाँ परीक्षार्थीको पुलिस प्रमाणीकरण र स्वास्थ्य परीक्षण सम्पन्न गर्न कडा निर्देशन दिएको छ। हिजो राति जारी गरिएको आदेशमा नयाँ निर्देशिकाअनुसार कुनै पनि विभागले अनावश्यक रुपमा नियुक्तिमा ढिलाइ गर्न नपाउने स्पष्ट पारिएको छ। पश्चिम बङ्गाल लोक सेवा आयोग (डब्लूपीएससी) वा अन्य कुनै भर्ती निकायले छानिएका उम्मेदवारहरूको नाम सिफारिस गरेपछि

उनीहरूलाई इमेल, वेबसाइट र पोस्टमार्फत तत्काल आवश्यक जानकारी दिनुपर्ने सरकारी आदेशमा स्पष्ट पारिएको छ। यसमा पुलिसको प्रक्रिया र स्वास्थ्य परीक्षणसम्बन्धी स्पष्ट निर्देशन समावेश हुनेछ।

**जीटीए**

भानु जयन्तीको अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, सूचना एवं सांस्कृतिक विभागले प्रत्येक वर्ष झैँ यस वर्ष पनि समाजका विशिष्ट व्यक्तिहरूलाई विभिन्न पुरस्कारले विभूषित गर्ने निधो गरेको छ। जीटीएको सूचना एवं सास्कृतिक विभागका कार्यकारी सभासद अनोस थापा अनि सह-निर्देशक भानुकान्त घिसिङले आज यसबारे जानकारी गराएका हुन्।

**हत्या**

दक्षिण २४ परगना जिल्लाको भांगर क्षेत्रमा बिहीबार राति अज्ञात आक्रमणकारीले तृणमूल कङ्ग्रेसका नेता रज्जाक खानको गोली हानी हत्या गरेका छन्। रज्जाक खान घर फर्कने क्रममा चाल्टाबेरिया क्षेत्रमा उक्त घटना भएको थियो। रज्जाक खान कैनिंग इस्ट तृणमूलका विधायक शौकत मोल्लाहसँग निकै नजिक रहेको बताइएको छ। स्थानीय स्रोतका अनुसार बिहीबार राति ९ः४५ बजे रज्जाक खानलाई अचानक आक्रमण गरी निकै नजिकबाट गोली हानिएको थियो। घटनापछि सो क्षेत्रमा तनाव उत्पन्न भएको थियो।

**प्रतिबंधित कफ सिरप**

स्पेशल टास्क फोर्स (एसटीएफ) ले 15,000 प्रतिबंधित कफ सिरपसहित साथ दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा एक उत्तर प्रदेश र अर्को मध्य प्रदेश निवासी रहेका छन्। फूलबारीसँग जोडिएको जोटियाकाली क्षेत्रमा शुक्रबार एक मालबाहक वाहनबाट प्रतिबन्धित कफ सिरप बरामद गरिएको हो। पुलिस स्रोतका अनुसार एसटीएफले गोप्य सूचना आधारमा फूलबारीसँग जोडिएको जोटियाकाली क्षेत्रमा एउटा मालबाहक गाडी रोकेर तलासी गरेको थियो। जहा माछाको खानाको बहानामा लुकाइ राखेको १५० कार्टुनबाट करिब १५ हजार बोतल प्रतिबन्धित कफ सिरप बरामद गरिएको छ। कफ सिरपको बजार मूल्य करिब १ करोड २० लाख रुपैयाँ रहेको अनुमान गरिएको छ। कफ सिरप उत्तर प्रदेशबाट कूचबिहार लगिदै थियो। त्यसपछि वहानका चालक र सहचालकलाई पुलिसले नियन्त्रणमा लिदै थप अनुश्धान शुरु गरेको थियो।

**जनचेतना-अभियान**

ड्रग्स जस्तो घातक नशालु पदार्थको सेवन नगर्न अपिल गर्दै सुकेपोखरी थानाद्वारा सुकेपोखरीमा विशेष जनचेतना अभियान सम्पन्न गरिएको छ। कार्यक्रममा सुकेपोखरी क्षेत्रका विभिन्न संघसंस्था, विद्यालयका विद्यार्थीहरू र सर्वसाधारणको सहभागितामा सुकेपोखरी बजार क्षेत्रमा सचेतना र्‍याली निकालिएको थियो भने दोस्रो चरणमा युवक संघ भवनमा औपचारिक कार्यक्रमसहित जनचेतनामूलक सन्देश र सम्मान कार्यक्रम आयोजित भयो। कार्यक्रममा अतिरिक्त पुलिस अधीक्षक, देवराज दास सीआई सदर पार्थो सारथी चन्दा, कार्यकारी सभासद उदय देवान, पंचायत समिति सभापति सोना डोमा वाङ्दी डुक्पा, समिति कार्याध्यक्ष निमा भोटिया, पंचायत प्रधान मिना थापा गुरुङ, थाना प्रभारी अनुप कुमार वैद्य लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो।

**सप्तश्री**

सप्तश्री ज्ञानपीठ कालेबुंगले आज विशेष कार्यक्रमको आयोजना गरी नेपाली भाषा, साहित्य र संस्कृतिको गौरव भानुभक्त आचार्यलाई श्रद्धाञ्जली अर्पण गर्दै भानु जयन्ति पालन गरेको छ।कार्यक्रमको मुख्य आकर्षणको रूपमा आयोजित रामायण पाठ प्रतियोगितामा विद्यार्थीहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए भने गीत, नृत्य र भेषभूषाको समायोजनसहितको प्रस्तुतिले नेपाली मौलिक संस्कृतिको उजागर गरेको छ।कार्यक्रममा भानुभक्त आचार्यको जीवन, काव्य साधना र उनको योगदानमाथि परिचर्चा पनि गरिएको थियो।कार्यक्रममा प्रमुख अतिथिको रूपमा युवा सर्जक छुदेन काविमो उपस्थित रहे भने कार्यक्रममा पत्रकार अरूण रसाइली तथा विद्यालयका निर्देशक तपन कुमार प्रधानको विशेष उपस्थिति रहेको थियो।

**नेपाली संगीत प्रतियोगिता**

गोर्खा दुख निवारक सम्मेलन दार्जीलिङले ६१ औ वार्षिक नेपाली संगीत प्रतियोगिता स्वरश्री आयोजना गर्ने भएको छ। जसका निम्ति स्वर परिक्षण अगस्ट महिनाको नौ अनि दश तारिक गो द नि स पुस्तकालय कक्षामा हुने निश्चित भएको छ। प्रतियोगितामा भाग लिन चहाने इच्छुकहरुले फारमको निम्ति चार अगस्तसम्म संस्थाको कार्यलय साझा पुस्तक प्रकाशन दार्जीलिङमा सम्पर्क गर्न सक्नेछन्। प्रतियोगिताको सेमी फाइनल 18 अनि 19 सेप्टेम्बरको दिन हुने भएको छ भने फाइनल गो दु नि स रंगशाला भवनमा 21 सेप्टेम्बरको दिन हुने तय भएको छ।

**बच्चा-उद्धार**

मिरिक क्षेत्रको सिङबुली चिया बगानमा चितुवाको बच्चा उद्धार गरिएको खबर प्रकाशमा आएको छ। हिजो राती क्षेत्रका वन विभागिय कर्मचारीले उक्त चितुवाको बच्चा उद्धार गरेको जनाएका छन् भने हाल यसलाई वन विभागको निगरानीमा राखिएको स्थानीय विनय सुब्बाले जनाएका छन्।

**लोअर-चुङथुङ**

लोअर चुङथुङ उच्च माध्यमिक विद्यालयले यस वर्षदेखि औपचारिक रूपमा उच्चतर माध्यमिक विद्यालयको मान्यता प्राप्त गरेको छ। उक्त जानकारी विद्यालयका प्रधानाध्यापक राम तामाङले गराउनु भएको छ। तामाङअनुसार शिक्षा मन्त्रालयबाट हालै प्राप्त अनुमति पत्र अनुसार विद्यालयमा आजदेखि नै कक्षा 11 को रजिष्ट्रेशन शुरु गरिएको छ भने विद्यालयमा कला बिषयमा, नेपाली , अंग्रेजी, भूगोल, इतिहास, समाजशास्त्र, राजनिति, अर्थ शास्त्र, एजुकेशन आदिमा पठन पाठन गरिइनेछ। स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाई र अभिभावकहरूले यो उपलब्धिलाई ठूलो सफलता र अवसरको रूपमा लिएका छन् भने अब विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि टाढा जानु नपर्ने भएकोले स्थानीय मानिसहरूमा खुसीको वातावरण छाएको छ।

**नेपाल-बाढ़**

नेपालको जल विज्ञान अनि मौसम विभागले बताए अनुसार चीनस्थित एक हिमनदीय झील फुटेको कारण रसुवा जिल्लाको ल्हेंदे धारामा विनाशकारी बाढ़ आएको छ। सैटेलाइट आंकड़ा अनुसार, यो बाढ़ नेपाल-चीन सीमाबाट लगभग 36 किलोमीटर उत्तर, रसुवागढ़ीमा लगभग  5 हजार एक सौ 50 मीटर को ऊँचाईमा अवस्थित एक हिमनदीय झील फुटेको कारण आएको हो।दुर्घटना अघि झील लगभग शून्य दशमवल सात-चार वर्ग किलोमीटर क्षेत्रमा फैलिएको थियो भने बाढीपछि यसको क्षेत्रफल घटेर लगभग शून्य दशमवल छ-शून्य वर्ग किलोमीटर भएको छ। झीलको आकारमा आएको यो बदलावले पानी भारी मात्रामा निकासी भएको दर्शाउदछ।

**मौसम**

पश्चिम बङ्गालको खाडीमा रहेको न्यून चापीय क्षेत्र अहिले झारखण्ड र आसपासका क्षेत्रतर्फ सरेको छ । मौसम विज्ञान विभाग अलिपुरका अनुसार यो परिवर्तनका कारण दक्षिण बङ्गालका जिल्लाहरूमा भारी वर्षाको तीव्रता केही घट्नेछ, तर वर्षा पूर्ण रूपमा रोकिने छैन। दक्षिण बङ्गालमा शुक्रबार मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । दक्षिण २४ परगना, पूर्व मेदिनीपुर र कोलकातामा आंशिक बदली रही केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

****** ० ******